बैठक संख्या

आज मिति २०८३।०५।१५ गतेका दिन यस गैडहवा गाउँपालिका,रुपन्देहीका अध्यक्ष श्री सुरेन्द्र पौड्यालको अध्यक्षतामा र देहायका गाउँ कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समयः८.१५ बजे स्थानः गाउँकार्यपालिकाको बैठक कक्ष

उपस्थिति

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र पौड्याल | अध्यक्ष | |
| २ | माधुरी जैसवाल | उपाध्यक्ष | |
| ३ | प्रदिप कुमार चौधरी | सदस्य | |
| ४ | सराजुद्दीन धुनिया | सदस्य | |
| ५ | राम अजोर यादव | सदस्य | |
| ६ | सुरेन्द्र सिंह कुर्मी | सदस्य | |
| ७ | विजयकुमार शर्मा | सदस्य | |
| ८ | राजकुमार लोध | सदस्य | |
| ९ | लालबहादुर केवट | सदस्य | |
| १० | भुवनबहादुर राना मगर | सदस्य | |
| ११ | मिना क्षेत्री | सदस्य | |
| १२ | लता चौधरी | सदस्य | |
| १३ | शोभा अहिर | सदस्य | |
| १४ | कैलासी पासिन | सदस्य | |
| १५ | कलावती चमार | सदस्य | कलावती |
| १६ | श्रीराम कलवार | सदस्य | श्रीराम |
| १७ | बाबुलाल धोवी | सदस्य | बाबुलाल |
| १८ | रोमनाथ न्यौपाने | सचिव | |

आमन्त्रित

| | | | |
|---|---|---|---|
| १ | रामपत मल्लाह | ब. प्र.अ. | |
| २ | यमकान्त पौडेल | ब.ले.अ. | |
| ३ | उत्तम न्यौपाने | सूचना अ. | |
| | | | |

कार्यपालिका बैठकका विषयवस्तुहरु

प्रस्ताव नं.१मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण भएको जनधनको क्षति सम्वन्धमा ।

कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८३।०५।१० गते भोटेकोशी नदीमा आएको आकस्मिक बाढीका कारण भएको जनधनको क्षति सम्वन्धमा गैडहवा गाउँपालिकाको कार्यपालिकाको तर्फबाट देहायबमोजिमको निर्णय गरियो ।

(क)मिति २०८३ भाद्र १० गते रसुवाको भोटेकोशी नदीमा आकस्मिक रुपमा ठूलो बाढी आए पछि भोटेकोशी र त्रिशुली नदी किनारमा रहेका वस्तिमा क्षति पुर्याई ठूलो जनधनको क्षति हुनपुगेकोमा दुःख व्यक्त गर्दै मृत आत्माको चीर शान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली ज्ञापन गर्ने र शोकाकूल परिवार जनमा गहिरो समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

(ख)घाईतेहरुको शीघ्र स्वाथ्य लाभको कामना गर्दै उचित र निशुल्क उपचारको प्रवन्ध मिलाउन नेपाल सरकारलाई अनुरोध गर्ने हराइरहेकाहरु एवं अलपत्रमा परेकाहरुको शीघ्र खोज तथा उद्दार गरीविपदमा रहेका आम नागरिकलाई समुदायमा पुनस्थापना गर्न नेपालसरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्रधानमन्त्री दैवि प्रकोप उद्दारकोषमा आर्थिक सहयोगका लागि अपिल गरिएको सन्दर्भमा प्रधानमन्त्री दैवि प्रकोप उद्दारकोषको खातामा रकम जम्मा गर्न गैडहवा गाउँपालिका मातहतका राष्ट्रसेवक कर्मचारी, शिक्षक लगायत परोपकारी संघ संस्था र नागरिकहरूलाई अनुरोध गर्दै कार्यपालिका सदस्यहरूको तर्फबाट र यस गाउँपालिकाबाट देहाय बमोजिम प्रधानमन्त्री दैवि प्रकोप उद्दार कोषको खातामा रकम जम्मा गर्ने ।

१. गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र पौड्यालबाट १ एक महिनाको सेवा सुविधा वापतको रु ३३५००।-

२. उपाध्यक्ष श्री माधुरी जैसवालबाट १ एक महिनाको सेवा सुविधा वापतको रु ३००००।-

३. वडा अध्यक्षबाट ९ जनाको प्रत्येकबाट ७ हजारका दरले रु ६३०००।–

४.कार्यपालिकाका सदस्यहरु ६ जना ५०००हजारका दरले रु ३००००।–

५.सभाका सदस्यहरु३२ जना जनही २५००।– का दरले जम्मा रु ८००००।–

६.गाउँपालिका विपद् व्यवस्थापन कोषबाट जम्मा रु ५,००,५००।–

जम्मा ७,३७,०००।– अक्षरेपी सातलाख सैतिस हजार मात्र ।